# प्रेस विज्ञप्ती - १४७

# Press Release-147

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

मितिः-२०७२/११/०५ गते ।

## मुख्य फरार अभियुक्त पक्राउ

लागू औषध नियन्त्रण ब्यूरोबाट खटिएको विशेष टोलीले विभिन्न मितिमा निम्न बमोजिमका व्यक्तिहरुलाई पक्राऊ गरी अवैध लागूऔषध चरेस लगायतका सामानहरु बरामद गरेको ।

**निम्नः**

मिति २०७२।०५।०८ गते १४:०० बजे त्रि.अ.वि काठमाण्डौको प्रस्थान कक्षमा ISE कुरियर गौशाला काठमाण्डौबाट जेट एअरवेजको फ्लाईट नं. 9W261को बिमानद्धारा भारत पठाउने क्रममा रहेको ३ वटा कार्टुन चेकजांच गर्ने क्रममा उक्त कार्टुन भित्र Religious Diary लेखिएको नेपाली कागजको ५६ वटा डायरीहरुको गाता कभरमा लुकाई छिपाई राखिएको ***लागू औषध चरेस ५ किलो ५४४ ग्राम*** फेला परेको थियो ।

अनुसन्धानको क्रममा उल्लेखित लागूऔषध चरेस गौसालास्थित ISE कुरियरमा बुक गराउने जिल्ला नुवाकोट बुङताङ गा.वि.स -९ बस्ने अशोक भन्ने सुब बहादुर तामाङलाई मिति २०७२।०५।०८गते पक्राउ गरिएको थियो ।

विगत लामो समयदेखि लागूऔषध चरेसको कारोबारमा संलग्न रहँदै आएका निज सन्त बहादुर तामाङले ISE कुरियर मार्फत भारत पठाएको ५.६ के.जि लागूऔषध चरेस यस ब्यूरोले दिएको सूचनाको आधारमा Narcotics Control Bureau India ले मिति २०७२।०५।०९ गते नयां दिल्लीबाट बरामद गरेको थियो ।

उक्त मुद्धाको अनुसन्धानमा **मुख्य अभियुक्त** देखिएका जिल्ला नुवाकोट, बुङताङ गा.वि.स -९ घर भई हाल का.जि बुढानिलकण्ठ न.पा बस्ने **बर्ष ३३ का सन्त बहादुर तामाङ**लाई मिति २०७२।११।०४ गते का.जि. अनामनगरबाट पक्राउ गरी आवश्यक अनुसन्धान भईरहेको छ ।

• • •


नाम - सन्त बहादुर तामाङ (३२)
बतन - नुवाकोट बुंगतांग ८
मुद्दा - ला. औ. चरेश
बाजे - मेन नुर्बु तामांग
बाबु - हर्क बहादुर तामांग



